# छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७७/०३/१२

प्रस्तावना

गाउँपालिकाबाट गाउँपालिकाको जनशक्तिको आवश्यकता विश्लेषणको आधारमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एस्.ई.ई.) कक्षा १० पूरा गरी प्राविधिक विषयमा ३ वर्षे डिप्लोमा तह अध्ययनमा छनौट भएका कुमाख गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने वार्षिक १ ( एक) जना विद्यार्थीको लागि गाउँ सभाले पारित गरेको 'प्राविधिक धारतर्फको ३ वर्षे डिप्लोमा तह अध्ययनका लागि छात्रवृत्ति' व्यवस्थित गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "कुमाख गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७" रहेकोछ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "छात्रवृत्ति" भन्नाले कुनै प्राविधिक धार तर्फको ३ वर्षे डिप्लोमा तहको अध्ययन, अनुसन्धान, तालिम वा प्रशिक्षणका लागि ३ वर्षसम्म वार्षिक रु. १,००,०००/- का दरले गाउँपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान सम्झनु पर्छ ।

(ख) "सरकार" भन्नाले कुमाख गाउँपालिकालाई सम्झनु पर्छ र सो शब्दले संघीय सरकार र प्रदेश सरकारलाई समेत जनाउनेछ ।

(ग) "गाउँपालिका" भन्नाले कुमाख गाउँपालिका सम्झनु पर्छ ।

(घ) "निर्धारण समिति" भन्नाले दफा ५ बमोजिमको छात्रवृत्ति निर्धारण समिति सम्झनु पर्छ । (ङ) "छनौट समिति" भन्नाले दफा ७ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ । (च) "शिक्षा शाखा" भन्नाले कुमाख गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(छ) "परीक्षा" भन्नालेछात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उम्मेदवार छनौट गर्न लिइएकोपरीक्षा सम्झनु पर्छ ।

(ज) "बिगो निर्धारण समिति" भन्नाले दफा २४ बमोजिमको छात्रवृत्ति सम्बन्धी बिगो निर्धारण समिति सम्झनु पर्छ ।

३. छात्रवृत्ति स्वीकृत गर्नु पर्ने

(१) छात्रवृत्ति सम्बन्धी बजेट, नीति तथा कार्यक्रम प्रत्येक आर्थिक वर्षको गाउँ सभाबाट स्वीकृत हुनु पर्नेछ ।

४.स्वीकृत नभएको विषयमा छात्रवृत्तिमा नपठाउने

दफा ३ मा लेखिएदेखि बाहेक गाउँ कार्यपालिकाबाट विषय स्वीकृत नभएको छात्रवृत्ति प्रदान गरिने वा त्यस्तो छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त पठाइने छैन ।

५. छात्रवृत्ति निर्धारण समिति

(१) छात्रवृत्ति सम्बन्धीनीति निर्धारण, समन्वय तथा व्यवस्थापन गर्ने काम समेतकोलागि देहायका सदस्यहरू रहेको एक छात्रवृत्ति नीति निर्धारण समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास संयोजक - सदस्य

(घ) गाउँपालिकाको केन्द्रस्थित मा.वि.को प्रधानाध्यापक - सदस्य

(ङ) गाउँ कार्यपालिका सदस्यमध्येबाट अध्यक्षले मनोनित कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

(च) गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा शिक्षा शाखा हेर्ने कर्मचारी - सदस्य-सचिव

(२) छात्रवृत्ति निर्धारण समितिलेआवश्यक देखेमा सम्बन्धित क्षेत्रकोकुनैविशेषज्ञलाई सोसमितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) छात्रवृत्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंलेनिर्धारण गरे बमोजिम हुनेछ ।

६. छात्रवृत्ति निर्धारण समितिकोकाम, कर्तव्य र अधिकार

छात्रवृत्ति निर्धारण समितिकोकाम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) छात्रवृत्तिप्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) छात्रवृत्ति प्रदान गर्न आवश्यक कारवाही गर्ने,

(ग) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरूबीच समन्वय कायम गर्ने,

(घ) छात्रवृत्ति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ङ) परीक्षा सम्बन्धी आचारसंहिता बनाई लागू गर्ने,

(च) छात्रवृत्ति सम्बन्धमा आवश्यक अन्य काम गर्ने गराउने ।

७. छात्रवृत्ति छनौट समिति

(१) खुल्ला प्रतियोगिताद्वारा छात्रवृत्ति छनौट गरी कार्यपालिकासमक्ष सिफारिस गर्ने कार्यको लागि देहायका सदस्यहरू रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी - संयोजक

(ख) गाउँपालिकाले मनोनयन गरको एकजना विशेषज्ञ -सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा शिक्षा हेर्ने कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य हुनको लागि कुनै विश्वविद्यालय वा सो अन्तर्गतका निकाय वा माध्यमिक तहमा शिक्षण वा अनुसन्धानको क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव हासिल र कम्तिमा स्नातकाकोत्तर तह उत्तीर्ण गरेको स्थायी प्राध्यापक वा शिक्षक हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनीत सदस्यकोपदावधि दुई वर्षकोहुनेछ ।

(४) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) छात्रवृत्ति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंलेनिर्धारण गरेबमोजिम हुनेछ ।

८. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार

(१) छात्रवृत्ति छनौट समितिकोकाम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) परीक्षा संचालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने लगायत परीक्षासँग सम्बन्धित अन्य कार्यहरू गर्ने,

(ख)परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने तथा मुख्य विषय तोक्ने,

(ग) परीक्षाको लागि लिइने दरखास्त शुल्क तथा पुनर्योग शुल्क निर्धारण गरी गाउँ कार्यपालिका समक्ष सिफारिश गर्ने,

(घ) प्रमुख परीक्षक, परीक्षक तथा प्रश्नपत्र निर्माण गर्ने विशेषज्ञको सूची तयार गरी अद्यावधिक बनाईराख्ने,

(ङ) परीक्षा सम्बन्धी आचार संहिताको मस्यौदा बनाई छात्रवृत्ति निर्धारण समिति समक्ष पेश गर्ने,

(च) परीक्षाको आचार संहिता उल्लंघन गर्ने व्यक्ति उपर आवश्यक कारवाही गर्न गाउँ कार्यपालिका समक्ष सिफारिश गर्ने,

(छ) परीक्षाफल प्रकाशित भएको छ महिनापछि नियमित प्रक्रिया अपनाई उत्तर पुस्तिका धुल्याउने,

(ज) उम्मेदवार हनु कोलागि चाहिनेन्यूनतम योग्यता तोक्ने,

(झ) छात्रवृत्ति निर्धारण समितिलेदिएकोनीति निर्देशनलाई पालनागर्ने,

(ञ) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

(ट) छात्रवृत्तिको लागि योग्य उम्मेदवार छनौट गरी गाउँ कार्यपालिकासमक्ष सिफारिस गर्ने ।

(२) छात्रवृत्ति छनौट समितिलेउत्तरपुस्तिका परीक्षण गर्दा कायम गर्नुपर्ने गोपनियताको प्रयोजनको लागि सो उत्तरपुस्तिमा संकेत नम्बर (कोडिङ) राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

९. उम्मेदवारको छनौट खुला प्रतियोगिताबाट गर्नुपर्ने :

(१) यस कार्यविधिमा अन्यथाव्यवस्था भएकोमा बाहेक, छात्रवृत्तिको लागि उम्मेदवार छनौट गर्दा खुला प्रतियोगिताबाट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवार छनौट गर्दा विभिन्न विषयमा प्रदान गरिने छात्रवृत्तिको विषयगत रुपमा परीक्षा लिन सकिनेछ ।तर कुनैव्यक्तिकोलागि छुट्टैपरीक्षा लिइनेछैन ।

(३) तोकिए बमोजिमको शर्तहरूमा १ (एक) मात्र उम्मेदवारी परेमा अन्तर्वार्ताबाट उम्मेदवार छनौट गर्न सकिने छ ।

१०. सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने

(१) गाउँपालिकाले छात्रवृत्तिको लागि लिइनेपरीक्षाको निमित्त देहायका कुराहरू खुलाई परीक्षा लिइने मितिभन्दा कम्तीमा ७ (सात) दिन अगावसै ूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्नेछ ।

(क) परीक्षामा उम्मेदवार हुनकोलागि चाहिनेन्यूनतम शौक्षिक योग्यता,

(ख) दरखास्त साथ पेश गर्नुपर्ने सिफारिस तथा अन्य कागजातहरूको विवरण,

(ग) परीक्षा दस्तुर,

(घ) दरखास्त दिने स्थान र ढाँचा

(ङ) दरखास्त दिने माध्यम

११. उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता

(१) यस कार्यविधिबमोजिम लिइने परीक्षामा उम्मेदवार हनु चाहने व्यक्तिले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूबाट कम्तिमा २.८ जि.पि.ए. प्राप्त गरी माध्यमिक शिक्षा परीक्षा ( एस्.ई.ई.) कक्षा १० पूरा गरेकोहनु ुपर्नेछ ।

(२) उम्मेदवार गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(३) उम्मेदवार प्राविधिक तर्फको ३ वर्षे डिप्लोमा तहमा भर्ना भई नियमित रूपमा अध्ययनरत हुनुपर्ने छ ।

(४) अनुसूची १क. र १ख. बमोजिमका सिफारिस पत्रहरू आवेदन साथ सम्लग्न राख्नु पर्नेछ ।

१२. दरखास्त बुझाउनु पर्ने

(१)दफा ११ बमोजिम प्रकाशित सूचना बमोजिमको परीक्षामा उमेदवार हुन चाहने व्यक्तिले सो सूचनामा तोकिएको दस्तुर बुझाई सोही सूचनामातोकिएको म्यादभित्र दफा ११ को खण्ड (ङ) बमोजिमको माध्यमबाट गाउँपालिकाको शिक्षा शाखामा दरखास्त बुझाउनु पर्नेछ ।

१३. खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्ने आधार

(१) खुला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्नको लागि एकसय अङ्कको लिखित परीक्षा सञ्चालन गरिनेछ । तर, तोकिएको योग्यता भएको उम्मेदवार १ (एक) जना मात्र भएमा २५ पूर्णाङ्कको अन्तर्वार्ता परीक्षा मात्र लिइने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि चित्रकला, गायन, वाद्यवादन, नृत्य, सिलाइ जस्ता प्रयोगात्मक परीक्षाको आधारमा छनौट गर्नु पर्ने विषयमा उमेदवार छनौट गर्दा छात्रवृत्ति छनौट समितिले सो सम्बन्धमा सूचना प्रकाशन गर्नु अघि नै छनौट सम्बन्धी छुट्टै आधार निर्धारण गरी उम्मेदवार छनौट गर्न सक्नेछ ।

१४. योग्यताक्रम कायम गर्ने

(१) छात्रवृत्ति छनौट समितिले दफा १३ बमोजिम सञ्चालनभएको लिखित परीक्षामा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारको मात्रयोग्यताक्रम कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम कायम गर्दा उम्मेदवारले त्यस्तो लिखित परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कमा यस कार्यविधि बमोजिम छनौट समितिले तोकेको न्यूनतम शैक्षिक योग्यताको परीक्षामा निजले प्राप्त गरेको कुल प्रतिशतको ५० प्रतिशत अङ्क जोडी योग्यताक्रम कायम गरिनेछ ।

(३) उपदफा (२) बमोजिम योग्यताक्रम कायम गर्दा कुनैउम्मेदवारहरूकोअंक बराबर हनु गएमा दफा १३को उपदफा (१) र (२) बमोजिमको लिखित परीक्षामा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको योग्यताक्रम कायम गरिनेछ र लिखित परीक्षामा समेत अङ्क बराबर भएमा प्राविधिक विषयको ३ वर्षे डिप्लोमा तहको भर्नाको लागि लिइएको प्रवेश परीक्षामा प्राप्त गरेको अंक र निजहरूको शैक्षिक योग्यता तथा कार्य अनुभवलाई विचार गरी गाउँ कार्यपालिकाले तोकिदिएको मापदण्डको आधारमा योग्यताक्रम कायम गरिनेछ । तर, दफा १३को उपदफा (३) बमोजिमको परीक्षाबाट १ (एक) जनाको मात्र नाम प्रकाशित गरिने छ ।

(४) यस दफा बमोजिम कायम भएको योग्यताक्रमको सूची छनौट समितिलेप्रकाशन गर्नेछ ।

१५. योग्यताक्रम सूची कायम रहने

(१) छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि दफा १५ बमोजिम प्रकाशित योग्यताक्रमको मान्यता त्यस्तो योग्यताक्रमको सूची प्रकाशन भएको मितिले तीन वर्षसम्म कायम रहनेछ ।

१६. पुनर्योग गर्न सक्ने

(१) लिखित परीक्षामा अनुत्तीर्ण हनु कुनै उमेदवारले पुनर्योग गर्नचाहेमा योग्यताक्रम प्रकाशित भएको मितिले पन्ध्रदिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा शिक्षा शाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन सम्बन्धित उम्मेदवारका अभिभावकले समेत दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पुनर्योगको लागि निवेदन पर्न आएमा गाउँपालिकाले छात्रवृत्ति छनौट समितिको सदस्य सचिवको संयोजकत्वमा तीन सदस्यीय एक पुनर्योग उपसमिति गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको पुनर्योग उप-समितिले सात दिनभित्र पुनर्योग गरी आफ्नो सिफारिश छात्रवृत्ति छनौट समिति समक्ष पेश गर्नु पर्नेछ।

(५) पुनर्योगगर्दा निवेदकको नाम योग्यताक्रम सूचीमा समावेश गर्नु पर्ने देखिएमा छात्रवृत्ति छनौट समितिले सिफारिश प्राप्त भएको तीन दिनभित्र निजको नामसमावेश गरी संशोधित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ र पुनर्योग गर्दा निजको नाम समावेश गर्नु नपर्ने भए सो व्यहोराको सूचना गाउँपालिकाको सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

१७. उत्तरपुस्तिका गोप्य रहने

(१)यस दफाावली बमोजिम लिइएको लिखित परीक्षाको उत्तरपुस्तिका गोप्य रहनेछ।

१८. कबुलियतनामा गर्नुपर्ने

(१) छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालीममा जानु अघित्यस्तो व्यक्तिले अनुसूची-२ बमोजिमकोढाँचामा कबुलियतनामा गरी गाउँपालिकामा बभु ाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्दा सम्बन्धित व्यक्तिले नेपाल मेडिकल बोर्डमा दर्ता भएको चिकित्सकद्वारा प्रमाणित गरिएको निरोगिताको सक्कल प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

१९. विषय परिवर्तन गर्न नदिइने

छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालीम प्राप्त गरिरहेको व्यक्तिलाई अध्ययन वा तालीमको निमित्त पठाइएकोविषय परिवर्तन गर्न दिइनेछनै ।तर कुनैव्यक्तिलेसम्बन्धित सरकार वा शिक्षण संस्थाको सिफारिश सहितत्यसरी अध्ययन गरेको वा तालीम लिएको विषय परिवर्तन गर्नु पर्ने स्पष्ट कारण देखाईनिवेदन दिएमा र सो विषय परिवर्तन गर्न मनासिब देखिएमा गाउँपालिकाको सहमति लिई शिक्षा शाखाले विषय परिवर्तनको स्वीकृति दिन सक्नेछ।

२०. छात्रवृत्तिको समयावधि थप गर्न सक्ने

छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त पठाइएको विषय कुनै कारणले पूर्व निर्धारित अवधिभित्र सम्पन्न हुन नसक्ने कारण देखाई म्यादथपको निमित्त कुनै व्यक्तिले आफूले अध्ययन वा तालीम गरेको संस्थाको सिफारिश साथ शिक्षा शाखा समक्ष निवेदन दिएमा सो शिक्षा शाखाले म्याद थपको निमित्त छात्रवृत्ति उपलब्ध हुने नहुने कुराको विचार गरी गाउँपालिकालाई कुनै आर्थिक व्ययभार नपर्ने र भविष्यमा प्राप्त हनु छात्रवृत्तिलाई असर नपर्ने भए अध्ययन वा तालीमकोम्याद थप गर्न स्वीकृति दिन सक्नेछ।

२१.शर्त तथा प्रतिवेदन

(१) छात्रवृत्ति वा तालीममा जाने व्यक्तिले अध्ययन सकिएको मितिले तीन महिनाभित्र अनुसूची-४ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश भएको मितिले एक वर्ष भित्र सरकारको स्वामित्व भएको वा सरकारले आर्थिक सहायता प्रदान गरेको कुनै संस्था वा संस्थानको कुनै पदमा पाँच वर्षसम्म तोकिए बमोजिमको पारिश्रमिक दिई सेवा गर्न लगाउन सक्नेछ र सो बमोजिम सेवा गर्नु सम्बन्धित व्यक्तिकोकर्तव्य हनु ेछ । तर,

(क) सरकारले एक वर्षको अवधि भित्र सो व्यक्तिलाई कुनै काम लगाउन नसकेमा निजलाई यो दफा लागू हुने छैन ।

(ख) सरकारले एक वर्षको अवधि भित्र पनि निजलाई गैर सरकारी सेवामा प्रवेश गर्ने अनुमति दिन सक्नेछ र सो बमोजिम अनुमति दिइएकोमा निजलाई यो दफा लागू हुने छैन ।

(ग) सरकारको स्थायी प्रकृतिको सेवा प्रवेशमा रोक लाग्ने छैन ।

(घ) नियमित रूपमा सोही धारको प्राविधिक विषयमा उच्च तहको अध्ययनमा रोक लाग्ने छैन ।

(३) छात्रवृत्ति पाउने व्यक्तिले सो छात्रवृत्तिमा अध्ययन गरी वा तालीम लिई रहके ो अवस्थामा सरकारको पूर्व स्वीकृति नलिई सरकारले स्वीकृत गरेको विषय वाहेक अन्य विषयमा वा सोही विषयमा पनि अझ उच्चस्तर अध्ययन वा तालीम लिन छात्रवृत्ति प्राप्त गरेपछि सरकारको स्वीकृति नलिई अध्ययन वा तालीम समाप्त नगरी बीचैमा छाड्नु हुदैन ।

२२. दण्ड सजाय

(१) कुनै गाउँपालिका भन्दा बाहिरको नागरिकले गाउँपालिकाभित्रको नागरिक हुँ भनी ढाँटी छात्रवृत्ति प्राप्त गरेमा निजबाट बिगो असुल उपर गरी निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।गाउँपालिकाभन्दा बाहिरको नागरिकलाई गाउँपालिकाभित्रको नागरिक हो भनी प्रमाणित गरी वा गराई त्यस्ता नागरिकले छात्रवृत्ति प्राप्त गरेमा सो प्रमाणित गर्ने वा गराउने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म सजाय हुनेछ ।

(२) यस कार्यविधि बमोजिम छात्रवृत्तिमा अध्ययन गर्न गएको व्यक्ति अध्ययन पूरा गरी गाउँपालिकामा सम्पर्क गर्न नआएमा निजको लागि त्यस्तो छात्रवृत्तिमा अध्ययन गर्दा लागेको सम्पूर्ण खर्च र सरकार वा कुनै संस्थाले कुनै किसिमको अनुदान (डोनेशन) दिएको भए सो अनुदान बराबरको रकम निजलाई जरिबाना हुनेछ ।

(३) कसैले दफा २१ बमोजिमको कुनै शर्त उल्लंघन गरेमा निजलाई देहाय बमोजिमको सजाय हुनेछ ।

(क) दफा ४ कोउपदफा (२) बमोजिम सरकारलेतोकि दिएकोपद र स्थानमा काम नगरमे ा वा काम गर्न छोडेमा बिगो असुल गरी दश हजार रुपैयाँसम्म जरिवाना,

(ख) कुनै शारीरिक वा मानसिक बिरामीले गर्दा असमर्थ भएकोमा वा सरकारबाट पूर्व स्वीकृति लिएकोमा बाहके शर्त बमोजिमकोअवधि पूरा नगरी बीचैमा अध्ययन गर्न वा तालीम लिन छोडेमा बिगो असुल गरी पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ग) अन्य कुनै शर्तको उल्लंघन गरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना,

(४) उपदफा (३) को तात्पर्यको लागि कुनै व्यक्ति शारीरिक वा मानसिक बिरामीले गर्दा असमर्थ भएको हो भन्ने कसैले जिकीर लिएमा निजले सो कुरा नेपाल मेडिकल बोर्डद्वारा प्रमाणित गराउनु पर्छ ।

२३. सरकारले बिगो निर्धारण गर्ने

(१) सरकारले यस कार्यविधि बमोजिम बिगो असुल गर्दाछात्रवृत्तिको विषय, स्तर, अवधि तथा छात्रवृत्ति बमोजिम अध्ययन गर्ने वा तालीम लिने स्थान र संस्थाको आधारमा बिगो निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिगो निर्धारण गर्दा प्राविधिक वा अप्राविधिक विषयमा अध्ययन गर्दा सम्बन्धित शिक्षण संस्थामा लागेको शिक्षण शुल्क तथा कुनै अनुदान तिरके ो भए त्यस्तो अनुदान रकम बराबरको बिगो निर्धारण गर्नु पर्नेछ ।

२४. बिगो निर्धारण समिति

(१) दफा २३ बमोजिम छात्रवृत्ति सम्बन्धी बिगो निर्धारण गरी गाउँ कार्यपालिका समक्ष सिफारिश गर्नकोलागि देहायका सदस्यहरू रहके ोएक छात्रवृत्ति बिगोनिर्धारण समिति रहनेछ :

(क) न्यायिक समिति संयोजक -अध्यक्ष

(ख) न्यायिक समितिको संयोजकले तोकेको पदाधिकारी -सदस्य

(ग) शिक्षा शाखा प्रमुख वा शिक्षा हनेर् कर्मचारी -सदस्य सचिव

(३) छात्रवृत्ति बिगो निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिआफैंले निर्धारण गरे बमोजिम हनु ेछ ।

२५. सरकारी बाँकी सरह असूल गरिने

गाउँपालिकाले निर्धारण गरेको बिगो सम्बन्धित व्यक्तिले तीन महिनाभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ । सो म्यादभित्र कुनै व्यक्तिले सो नबुझाएमा त्यस्तो बिगो नेपाल सरकारको बाँकी सरह असुल गरिनेछ ।

२६. दरखास्त दिन अयोग्य हुने

कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा निजलाई दुई वर्षसम्म छात्रवृत्तिको लागि हुने परीक्षामा दरखास्त दिन अयोग्य हुने गरी सूचीकृत गरिनेछ ।

२७. पुनः छात्रवृत्तिमा छनौट नगरिने

(१) छात्रवृत्तिमा छनौट भएको कुनै व्यक्ति छात्रवृत्तिमानगएमा वा त्यस्तो व्यक्तिले यस कार्यविधि विपरीतको अन्य कार्य गरेमा निजलाई कानून बमोजिम सजाय गरिनेछ ।

(२) गाउँपालिकाले छात्रवृत्तिमा नजाने वा कार्यविधि बमोजिम सजाय पाएको व्यक्तिको विवरण अद्यावधिक गराई राख्नेछ ।

२८. दफा बनाउने गाउँपालिकाको अधिकार

(१) यो कार्यविधिको उद्देश्य कार्यान्वयन गर्नको लागिगाउँपालिकाले दफाहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपारी देहायकोविषयहरूमा समेत दफा बनाउन सकिनेछ ।

(क) छात्रवृत्तिको विषय स्वीकृति गर्ने,

(ख) उम्मेदवार छनौट गर्ने तरिका,

(ग) छात्रवृत्तिको अवधि थप्ने,

(घ) एक विषयमा छात्रवृत्ति पाएको व्यक्तिले सो विषय परिवर्तन गर्ने,

(ङ) अध्ययन वा तालीम सकिएपछि प्रतिवेदन गर्ने,

(च) सरकारी कर्मचारीलाई अध्ययन सम्बन्धी विदा दिने ।

अनुसूची-१ क.

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

श्री गाउँ कार्यपालिकाको कार्यालय,
कुमाखगाउँपालिका,
सल्यान ।

विषय : सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति/नातिनी श्री .......................... कोछोरा/छोरी सल्यान जिल्ला कुमाख गाउँपालिकावडा नं. ................. बस्ने वर्ष ........... को श्री/सुश्री/श्रीमती ............................ मिति ..................... देखि........................ सम्म .............. सामुदायिक विद्यालयमा अध्ययन गरी माध्यमिक शिक्षा परीक्षा (एस्.ई.ई.) कक्षा १० पूरा गरेकाविद्यार्थी हुन्। निजलाई आर्थिक कारणले विपन्न भएको देखिँदा निजलाई३ वर्षे डिप्लोमा तह अध्ययनमा छात्रवृत्तिमा छनौटकोलागि सिफारिस गरिन्छ ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । सिफारिस

गर्ने :

कार्यालयको छाप

सही : ...............................
नामः .................................
पदः ......................
कार्यालयः ................................................... मितिः .......................

अनुसूची-१ख.

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

श्री गाउँ कार्यपालिकाको कार्यालय,
कुमाखगाउँपालिका,
सल्यान ।

विषय : सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ....................... को नाति/नातिनी श्री ........................ कोछोरा/छोरी सल्यान जिल्ला कुमाख गाउँपालिका वडा नं. ................ बस्ने वर्ष .......... को श्री/सुश्री/श्रीमती ............................ मिति ..................... देखि....................... सम्म ............. ..................................... विद्यालय/क्याम्पस, .................................. मा ......................... विषयको ३ वर्षे डिप्लोमा तह अध्ययनरत नियमित विद्यार्थी भएको र निजलाई प्राविधिक विषयको ३ वर्षे डिप्लोमा तह अध्ययनको छात्रवृत्तिमा छनौटको लागि सिफारिस गरिन्छ ।

सिफारिस गर्ने :

कार्यालयको छाप

सही : ...............................
नामः .................................
पदः ......................
कार्यालयः ................................................ मितिः .......................

अनुसूची-२

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

कबुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ............................ को छोरा/छोरीजिल्ला.................................गाउँपालिका/न.पा..........................वडा नं.................. मास्थायी बसोबास भएको मिति .............................. मा जन्मेको म ............................ गाउँपालिकाबाट......................................... विषयमा अध्ययन/तालीमका लागि .............................. संस्था/देशमा निशुल्क/आंशिक/सशुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालीम पूरा हुनसाथ छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७ बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैंले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा र अध्ययन/तालीममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैंले प्राप्त गरेको अन्य खर्च बापतको रकम समेत बुझाउनेछु ।सो रकम मैंले नबभु ाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरीभएकोले सो बमोजिम कबुलियतनामा गरी ................................... मार्फत् गाउँपालिकामा बुझाएँ ।

ल्याप्चे :

सहीछाप

छात्रवृत्ति पाउनेको सही : ...........................

नाम : ...............................

सम्पर्क ठेगाना :.........................................

टेलिफोन नम्बरः ........................

मिति : .............................

नोटः१. अध्ययन समाप्त भए पश्चात् तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।
२. अध्ययन समाप्त भए पश्चात् तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।

अनुसूची-३

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

पुनर्योग गर्न दिइने निवेदन

श्री कुमाख गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कुमाख गाउँपालिका,
रागेचौर, सल्यान ।

त्यस कार्यालयबाट मिति ......................... मा छात्रवृत्तिको लागि लिइएको....................................... समूह/विषयको लिखित परीक्षामा रो.नं. ................ भएको म/मेरो छोरा/छोरी/नाति/नातिनी .................................... ले .................. अंक प्राप्तगरेकोमा म/मेरो/हाम्रो चित्त नबुझी सो विषयमा पुनर्योग गर्न चाहेकोले नियमानुसार लाग्नेशुल्क रु. .................... यसै साथ राखी यो निवेदन गरेका छु ।

निवेदक विद्यार्थी वा अभिभावकको :

सही : .................

नाम : ....................................

ठेगाना : .......................................

मिति : .......................

अनुसूची -४

(दफा २१को उपदफा (१) सँग सम्बन्धित)

प्रतिवेदन

श्री कुमाख गाउँपालिका,
रागेचौर, सल्यान ।                    विषय : प्रतिवेदन पेश गरेको ।

..............................,       .................................. बाट छात्रवृत्तिमा छनौट भई................................ सरकार वा संस्थाको छात्रवृत्तिमा वि.सं./सन् .................... मा.................... विषयमा अध्ययन/तालिम गर्न गएकोमा सो अध्ययन/तालिम सम्पन्न गरेकोलेनिम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको,

सही : ..........................

नाम : .................................

ठेगाना : .......................................

मिति : .....................................

उल्लेख गर्नु पर्ने विवरण

(क) अध्ययन वा तालीमको विषय :

(ख) अध्ययन वा तालीम दिएको संस्थाको नाम र ठेगाना :

(ग) अध्ययन वा तालीममा गएको स्थान :

(घ) हासिल गरेको शैक्षिक योग्यता वा तालीम :

(ङ) अध्ययन वा तालीम समाप्त भएको मिति :

(च) विदेशमा अध्ययन वा तालीममा गएको भए नेपाल आइपुगेको मिति :

(छ) अध्ययन वा तालीम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रम :
(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनु पर्ने)

(ज) अध्ययन वा तालीम लिंदा आइपरेका समस्याहरू :

(झ) अध्ययन वा तालीम लिंदा भएको खर्च :

(ञ) हवाई टिकट खर्च (हवाई मार्ग प्रयोग गरेकोभए टिकट मूल्य) :

(१) जाँदा :(२) फर्कदा :

(ट) हवाई मार्ग प्रयोग नगरी अन्य कुनै साधन प्रयोग गरेको भए सो वापत लागेको खर्च (१) जाँदा :(२) फर्कदा :

(ठ) अध्ययन वा तालीम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सो कोविवरण ( प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने) :

(ड) अध्ययन अवधिमा विषय परिवर्तन गरेनगरके ो(यदि गरेकोभए पूरा विवरण उल्लेख गर्ने :